**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय,सिद्धार्थनगर, रुपन्देहीको**
**बोलपत्र आव्हानको सूचना**
**(प्रथम पटक सूचना प्रकाशित मिति २०७९/१२/२३)**
**(सूचना नं /कर्पोरेट/०५/०७९।८० )**

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवन वाहिर हालको सवारी विसान क्षेत्रको छेउतर्फ ५५.५ वर्गमीटर क्षेत्रफलमा चमेना गृह तीन वर्षको लागि संचालन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेका इच्छुक संस्था/फर्म/कम्पनीहरुले निम्न शर्तको अधीनमा रही बोलपत्र फाराम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले तीस दिनको कार्यालय समयभित्र राष्ट्रिय वाणिज्य बैंक, विशाल बजार शाखामा रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणको राजश्व खाता हि.न. १०९०१०००६४९१७००१ मा मूल्य अभिबृद्धि कर समेत रु. ३३९०/- (तीन हजार तीन सय नब्बे मात्र ) दाखिला (पछि फिर्ता नहुने) गरी सोको सक्कल भौचर यस कार्यालयको राजस्व शाखामा पेश गरी प्राप्त रसिद *(Tax Invoice)*, नवीकरण सहितको संस्था/फर्म/कम्पनी दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र सहित निवेदन पेश गरी यस कार्यालयको कर्पोरेट शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. बोलपत्रसाथ रजिष्टर्ड संस्था/फर्म/कम्पनीको दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्बन्धित निकायवाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजतपत्र, VAT/PAN दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७८/७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, आधिकारिक व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वःघोषणापत्र पेश गर्नुपर्नेछ।

३. यस ठेक्काको अवधि सम्झौता भएको मितिले तीन वर्षको हुनेछ र सो अवधिको लागि न्यूनतम ठेक रकम रु.३४,८८,३२८।-(चौतिस लाख अठासी हजार तीन सय अठ्ठाइस मात्र ।) कायम गरिएको छ। साथै दोश्रो वर्षदेखि ठेक रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मुल्यबृद्धी सुचकांकको अनुपात समेत स्वतः थप गरिनेछ।

४. नेपाल नागरिक उड्डयन प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति,फर्महरुले बोलपत्रमा भाग लिन पाउनेछैन। प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको पत्र बोलपत्र कागजात खरिद गर्दाका समयमा पेस गर्नुपर्नेछ

५. बोलपत्र साथ आफूले कबोल गरेको बहाल रकमको ५% ले हुने रकम हिमालय बैक लिमिटेड भैरहवा शाखामा रहेको यस कार्यालयका धरौटी खाता न. न.२०९५४२५४३०००१२ मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबर नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तिमा ६ महिना अवधि भएको बैक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेश गर्नु पर्नेछ।

६. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा खरिद गरी १६ (सोह्रौ) औं दिनको १२:०० बजेभित्र यस कार्यालयको कर्पोरेट शाखामा दाखिला गरी सक्नुपर्नेछ। दाखिला हुन आएका बोलपत्रहरु १६ (सोह्रौ) औं दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारीपत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खरिद तथा दाखिला गरिनेछ।

७. दाखिला गर्ने बोलपत्रको खाम बाहिर कुन विषयको बोलपत्र हो सो स्पष्ट लेखी श्री कर्पोरेट शाखा, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयलाई सम्बोधन गरी यस कार्यालयको कर्पोरेट शाखामा दर्ता गराउनुपर्नेछ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षरमा उल्लेख गरिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ। केरमेट वा प्रष्टसँग नबुझिने गरी भरिएको बोलपत्र फारामलाई मान्यता दिइनेछैन।

९. रीत नपुगी वा म्याद नाघी वा शर्त राखी आएको बोलपत्रउपर कुनै कारवाही गरिनेछैन।

१०. प्राप्त हुन आएका बोलपत्रस्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

११. बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

१२. नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली,२०७८ मा संशोधन भई आएमा सोही बमोजिम सम्झौतामा समावेश गरिनेछ।

१३. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको वेबसाइट www.caanepal.gov.np गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको वेबसाइट https://gbia.caanepal.gov.np मा समेत उपलब्ध छ।

१४. यसमा नपरेका अन्य कुराहरु नेपाल नागरिक उड्डयन प्राधिकरण, विमानस्थल सेवा शुल्क नियमावली तथा अन्य प्रचलित ऐन, नियमानुसार हुनेछ।

१५. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट शाखामा कार्यालय समयभित्र बुझ्न सकिनेछ।

१६. सूचना तथा बोलपत्रमा भएका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राखिनेछ।